# हेलम्बु राजपत्र

## हेलम्बु गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ६ ) सिन्धुपाल्चोक, श्रावण १ गते, २०८० साल (संख्याः ३)

# भाग — १

हेलम्बु गाउँपालिकाको

## सूचना

हेलम्बु गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

गाउँ सभाबाट स्वीकृत मितिः २०८०/०३/२२

हेलम्बु गाउँपालिकाको जलवायु परिवर्तन ऐन, २०८०

प्रस्तावना :

जलवायू परिवर्तन अनुकूलन क्षमताको अभिवृद्धि तथा प्रतिकूल प्रभावको न्यूनीकरणबाट दिगो समाज निर्माणमा योगदान गरी, जलवायू परिवर्तनको प्रतिकूल प्रभावको न्यूनीकरणका लागि वातावरण मैत्री, स्वच्छ उर्जा, हरित विकास अवधारणा कार्यान्वयन गर्न, प्राचीनकालदेखि जैविक विविधताले प्राणी, जीवजन्तु, वनस्पति र समग्र मानव समुदायका पहिचान ज्ञान, सीप, विवेक, मूल्य र मान्यताहरुको संरक्षण एवं प्रवर्द्धन गर्न र प्राकृतिक स्रोत, सम्पदा तथा वातावरणको संरक्षण र सम्बर्धन गरी अनुसन्धान तथा जनचेतना प्रवर्द्धन गर्दै हेलम्बु गाउँपालिकामा जलवायु न्याय तथा वातावरणीय न्यायको प्रत्याभूति गरी जलवायू उत्थानसिल समाजको निर्माण गर्न र वाञ्छनीय भएकोले,

हेलम्बु गाउँपालिकाको गाउँसभाले नेपालको संविधानको धारा २२१ बमोजिमको व्यवस्थापिकीय अधिकार प्रयोग गरी धारा २२६ बमोजिम यो ऐन बनाएको छ।

परिच्छेद-१

प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "हेलम्बु गाउँपालिकाको जलवायु परिवर्तन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन हेलम्बु गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुकूलन" भन्नाले जलवायु परिवर्तनको सम्भाव्य असर र जोखिमको आँकलन गरी थप हानि नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनुपर्छ र सो शब्दले नयाँ तथा परिवर्तित वातावरणमा प्राकृतिक तथा मानवीय प्रणालीको समायोजनलाई समेत जनाउँछ।

(ख) "उत्थानशीलता (रेजीलेन्स)" भन्नाले जलवायु परिवर्तनले पारेको असरलाई कम गरी जीविकोपार्जन, वातावरण र पारस्थितिकीय प्रणालीलाई साविक अवस्था वा सो भन्दा सबल अवस्थामा लैजाने गरिने कार्यलाई सम्झनु पर्छ।

(ग) “उत्सर्जन” भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस, धुवाँ वा धुलो निष्कासन हुने कार्य सम्झनु पर्छ।

(घ) “कार्यकारिणी समिति” भन्नाले दफा ६ बमोजिमको जलवायु परिवर्तन व्यवस्थापन कार्यकारिणी समिति सम्झनु पर्छ।

(ङ) “कार्यपालिका” भन्नाले हेलम्बु गाउँपालिकाको गाउँकार्यपालिका सम्झनु पर्छ।

(च) “कोष” भन्नाले दफा ४७ बमोजिमको जलवायु परिवर्तन व्यवस्थापन कोष सम्झनु पर्छ।

(छ) “गाउँपालिका” भन्नाले हेलम्बु गाउँपालिका सम्झनु पर्छ।

(ज) “जलवायु परिवर्तन” भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायुको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियाकलापले वायमुण्डलको बनोटमा हुने फेरबदलका कारण पृथ्वीको जलवायुमा क्रमशः देखा पर्ने परिवर्तन सम्झनुपर्छ।

(झ) “जलवायु परिवर्तन व्यवस्थापन” भन्नाले जलवायु परिवर्तनको कारण उत्पन्न हुने समस्या न्यूनीकरण वा अनुकूलन गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस सम्बन्धी नीति, रणनीति, संस्थागत संयन्त्र निर्माण, वित्त व्यवस्था, क्षमता अभिवृद्धि लगायतका समष्टिगत कार्यलाइ समेत जनाउँछ।

(ञ) "जात" भन्नाले हिन्दू धर्मको वैदिक वर्णव्यवस्था अनुसार (खस आर्य ब्राम्हण क्षेत्री ठकुरी संन्यासी (दशनामी) समुदायले आफ्नो धर्म, संस्कार, संस्कृति परम्परागत कर्म काण्डहरु अवलम्बन गर्ने फरक फरक समुदायलाई सम्झनु पर्छ।

(ट) "जाति" भन्नाले हिन्दु धर्मको वर्ण व्यवस्थाको जात प्रथामा नपर्ने, आ-आफ्नो मातृभाषा, संस्कृति, इतिहास, प्रथा प्रथाजनित कानून, मूल्य मान्यता एवं मौलिक विशिष्ट एवं पृथक पहिचानका आधार र विशेषताहरु कायम राखेका आदिवासी जनजातिका विविध समुदायलाई सम्झनु पर्छ।

(ठ) "जैविक विविधता" भन्नाले पृथ्वीमा रहेका जीवहरुमा पाइने विविधता वा सबै प्रकारका जल, स्थल र आकाशमा आफ्नो जीवनयापन गर्ने जीवजन्तु, प्राणी र वनस्पति, पर्यावरण र मानव वीचको सहअस्तित्व तथा अन्तरसम्बन्धलाई सम्झनु पर्छ र सो शब्दले पृथ्वीमा रहेको पारिस्थितिक प्रणाली विविधता, प्रजाति विविधता र बंशानुगत विविधता भिन्नतालाई समेत जनाउँछ।

(ड) “जोखिम न्यूनीकरण” भन्नाले जलवायु परिवर्तन मौसमसँग सम्बन्धित विषम घटनाका कारण हुन सक्ने हानि नोक्सानी र जोखिमलाई कम गर्न अपनाइने क्रियाकलाप सम्झनु पर्छ।

(ढ) “जोखिम व्यवस्थापन” भन्नाले जोखिम न्यूनीकरणको लागि आवश्यक स्रोतको पहिचान, छनौट, त्यस्तो स्रोतलाई न्युन लागतमा सञ्चालन तथा परिचालन गरी उच्च उपलब्धी हासिल हुने प्रणाली सम्झनु पर्छ।

(ण) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(त) “न्यूनीकरण” भन्नाले मानवीय क्रिययाकलापको कारणबाट हुने हरितगृह ग्याँसको उत्सर्जनलाई घटाउने वा रोक्ने कार्य सम्झनु पर्छ।

(थ) "प्रथा र परम्परा" भन्नाले आदिमकाल देखि समुदायले प्रचलनमा कायम राखेको उच्चतम विधि वा पद्धतिलाई सम्झनु पर्छ।

(द) "प्रजाति विविधता" भन्नाले प्राणी र वनस्पतिहरुको प्रजातिको विविधतालाई सम्झनु पर्छ।

(ध) "पारिस्थितिक प्रणाली विविधता" भन्नाले प्राणी, जीवजन्तुहरुको अन्तरसम्बन्ध, हिमाल, पहाडपर्वत, वनजंगल, घाँसे मैदान, सिमसार, पोखरी, खोलानाला, समुद्र र वातावरणसंगको वासस्थानलाई सम्झनु पर्छ।

(न) "बंशानुगत विविधता" भन्नाले प्राणी एवं वनस्पतिको आफ्नै समूहभित्र देखिने फरकपनलाई सम्झनु पर्छ।

(प) “स्थानीय सम्पदा” भन्नाले गाउँपालिकाको क्षेत्रभित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहाँसिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिकोणबाट महत्वपूर्ण मानिने कुनै पनि वस्तु, भौतिक संरचना, स्थान, वनस्पति तथा जिवजन्तु सम्झनु पर्छ र सो शब्दले गाउँपालिकाले स्थानीय सम्पदा भनी गाउँपालिकाको राजपत्रमा प्रकाशन गरेको सूचीमा रहेका सम्पदालाई समेत जनाउँछ।

(फ) “नीतिगत समिति” भन्नाले दफा ३ बमोजिमको जलवायु परिवर्तन व्यवस्थापन नीतिगत समिति सम्झनु पर्छ।

(ब) "समुदाय" भन्नाले मानव समाजमा रहेका विविध किसिमका जात, जाति, भाषा, धर्म, संस्कार संस्कृति, इतिहास, आ-आफ्नो परम्परागत मूल्य, मान्यता, कायम राखेका विविध समुदायलाई सम्झनु पर्छ।

(भ) "सास्कृतिक विविधता" भन्नाले भिन्न जात, जाति,भाषा, धर्म, संस्कृति, इतिहास, भूगोल, प्रथा, परम्परा, ज्ञान, सिप, विवेकको फरकपन र जीवित, प्राणी, जीवजन्तु, वनस्पतिको भिन्नता वा प्रकारलाई सम्झनु पर्छ।

(म) “सभा” भन्नाले हेलम्बु गाउँपालिकाको गाउँसभा सम्झनु पर्छ।

(य) “संकटासन्नता (भल्नरविलिटी)” भन्नाले कुनैपनि प्रणाली जलवायु परिवर्तनको असरबाट संकटमा पर्न सक्ने र प्रवाह वहन गर्न नसक्ने अवस्थामा पुग्ने स्थितिलाई सम्झनु पर्छ।

(र) "ह्योल्मो समुदायका गुठी" भन्नाले परापूर्वकालदेखि समाजलाई विधिवत रुपमा सञ्चालन गर्ने मौलिक पद्धतिलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## जलवायु परिवर्तन व्यवस्थापन समिति

३. नीतिगत समितिः (१) जलवायु परिवर्तन अनुकूलन क्षमताको अभिवृद्धि तथा प्रतिकूल प्रभावको न्यूनीकरणबाट गाउँपालिकाको दिगो विकास गर्न एक जलवायु परिवर्तन व्यवस्थापन नीतिगत समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) उपाध्यक्ष, गाउँपालिका -

संयोजक

(ख) गाउँकार्यपालिकाको सदस्यहरुमध्येबाट कम्ती माएक जना महिला, एक जना आदिवासी जनजाति, एक जना दलित सहित गाउँकार्यपालिकाबाट मनोनित तीन जना - सदस्य

(ग) गाउँपालिकाले वातावरण संरक्षण र जलवायु परिवर्तनको क्षेत्रमा कार्य गरेको व्यक्तिहरूमध्येबाट गाउँकार्यपालिकाबाट मनोनित दुई जना - सदस्य

(घ) जलवायु परिवर्तन शाखा वा एकाइ हेर्ने जलवायु परिवर्तन सम्पर्क अधिकृत -

सदस्य सचिव

(३) उपदफा (२) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (२) बमोजिमको मनोनित सदस्यहरूले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, गाउँपालिकालाई हानी नोक्सानी हुने कुनै काम कारवाही गरेमा र पद अनुसारको आचरण गरेमा वा खराव आचरण देखिएमा गाउँकार्यपालिकाले जुनसुकै बखत हटाउन सक्नेछ।

तर त्यस्तो मनोनित सदस्यलाई हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

४. <u>नितिगत समितको बैठक सम्बन्धी कार्यविधि</u>ः (१) समितिको बैठक आवश्यकतानुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) नीतिगत समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा बरिष्ठ सदस्यले अध्यक्षता गर्नेछ।

(३) नीतिगत समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) नीतिगत समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) नीतिगत समितिले आवश्यकतानुसार जलवायु परिवर्तन, वातावरण तथा विपद् विषय सम्बन्धी कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा विज्ञ व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) नीतिगत समितिको बैठकमा उपस्थित सदस्यहरुको नाम, छलफलको विषय र निर्णयको व्यहोरा समेत छुट्टै पुस्तिकामा उल्लेख गरी राख्नु पर्नेछ।

(७) नीतिगत समितिको बैठकको निर्णय संयोजक र सदस्य सचिवले प्रमाणित गर्नेछ।

(८) सदस्यले नीतिगत समितिको बैठकमा भाग लिए बापत स्थानीय तहको नियमानुसार बैठक भत्ता पाउने छन्।

(९) नीतिगत समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. <u>नीतिगत समितिको काम, कर्तव्य र अधिकार</u>ः यस ऐनमा नीतिगत समितिका अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त नीतिगत समितिका काम, कर्तव्य र अधिकारका देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिकाको नीति, योजना तथा कार्यक्रममा वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी विषयलाई एकिकृतरुपमा लैजान गाउँकार्यपालिका, वडा तथा गाउँपालिका अन्तर्गतका कार्यालय तथा निकायलाई नीतिगत मार्गदर्शन गर्ने,

(ख) प्रदुषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन र स्थानीय सम्पदा संरक्षणको लागि स्थानीय प्रणालीको विकासको लागि नीति तय गर्ने,

(ग) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी आर्थिक स्रोतको व्यवस्थापन गर्ने र सोको लागि सहजीकरण गर्ने,

(घ) प्राकृतिक, सांस्कृतिक र भौतिक संशाधन एवं सम्पदाको उपयोग, व्यवस्थापन, विकास तथा संरक्षणको लागि आवश्यक समन्वय गर्ने,

(ङ) गाउँपालिकाले वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी गरेको कार्यको मुल्याङ्कन गर्ने,

(च) कार्यकारिणी समितिले कार्यान्वयन गर्ने कार्यक्रमको सहजिकरण गर्ने।

## परिच्छेद-३

## <u>जलवायु परिवर्तन व्यवस्थापन कार्यकारिणी समिति</u>

६. <u>कार्यकारिणी समिति</u>ः (१) गाउँपालिका भित्रको जलवायु परिवर्तन व्यवस्थापन सम्बन्धी सम्पूर्ण काम कारवाहीको सञ्चालन तथा व्यवस्थापन गर्न एक जलवायु परिवर्तन व्यवस्थापन कार्यकारिणी समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यकारिणी समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिकाको अध्यक्ष, - अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ग) वडा अध्यक्ष सबै वडाहरू - सदस्य

(ग) कृषि, वन, जलस्रोत, वातावरण,उर्जा, यातायात,

भौतिक पूर्वाधार, पर्यटन, प्राकृतिक तथा सांस्कृतिक सम्पदा,
स्वास्थ्य, खानेपानी, विपद्, शिक्षा, सामाजिक विकास र
आर्थिक प्रशासन विषय हेर्ने शाखा प्रमुखहरू - सदस्य

(ङ) जलवायु परिवर्तन शाखा वा कार्यकारिणी समिति हेर्ने
जलवायु परिवर्तन सम्पर्क अधिकृत - सदस्य सचिव

७. कार्यकारिणी समितिको बैठकः (१) कार्यकारिणी समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(२) कार्यकारिणी समितिको सदस्य सचिवले बैठकको मिति, समय र स्थान तथा छलफल हुने विषयसूची सहितको सूचना सबै सदस्यलाई पठाउनु पर्नेछ।

(३) कार्यकारिणी समितिको कुल सदस्य संख्याको बहुमत सदस्यहरु उपस्थित भएमा कार्यकारिणी समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) कार्यकारिणी समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(५) कार्यकारिणी समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) कार्यकारिणी समितिको बैठकमा आवश्यकता अनुसार कुनै विषयको विशेषज्ञ वा व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

(७) कार्यकारिणी समितिको बैठकको निर्णय अध्यक्ष र समितिको सदस्य सचिवद्वारा प्रमाणित गरी राखिनेछ।

(८) कार्यकारिणी समितिको बैठक सम्बन्धी अन्य कार्यविधी कार्यकारिणी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जलवायु परिवर्तनको कारण उत्पन्न हुने विपद जोखिम न्यूनीकरण, विपद प्रतिकार्य, विपद् पुनर्लाभ सम्बन्धी नीति, योजना, तथा कार्यक्रम निर्धारण गरी कार्यपालिकालाई सिफारिस गर्ने,

(ख) जलवायु परिवर्तन सम्बन्धी गाउँपालिकाको नीति तथा योजना र कार्यक्रम निर्माण गर्ने,

(ग) जलवायु परिवर्तनको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने जलवायु अनुकूलन रणनीति निर्माण गर्ने,

(घ) गाउँपालिकामा सञ्चालन हुने जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रम तयार गर्ने र गराउने,

(ङ) गाउँपालिकाको संस्थागत क्षमताको विकास गर्ने,

(च) गाउँपालिकाको पदाधिकारी, कर्मचारी, शिक्षक, स्वयंसेवक, विद्यार्थी तथा स्थानीय समुदायलाई जलवायु परिवर्तन अनुकूलन तथा सुसूचित गर्ने सम्बन्धमा आवश्यक तालिम तथा प्रशिक्षण प्रदान गर्ने,

(छ) प्रचलित संघीय तथा प्रदेश कानूनको अधीनमा रही जलवायु परिवर्तन व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने,

(ज) गाउँपालिका भित्र वातावरण संरक्षण र जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा जागरण फैलाउन स्यवंसेवक परिचालन गर्ने,

(झ) गाउँपालिका भित्र रहेका आमसञ्चार माध्यमलाई वातावरण संरक्षणको लागि समन्वय र परिचालन गर्ने,

(ञ) संघीय तथा प्रदेशका सरकारी र गैर सरकारी क्षेत्रको समन्वय र साझेदारीमा जलवायु परिवर्तन व्यवस्थापनको काम गर्ने,

(ट) सम्बन्धित संघीय तथा प्रदेश निकाय र अधिकारीको समन्वयमा विपद् व्यवस्थापन प्रणाली र सूचना प्रणाली स्थापना गर्ने,

(ठ) गाउँपालिका भित्र सञ्चालन भएका विद्यालयको शैक्षिक पाठ्यक्रममा शिक्षाविद्को सिफारिस बमोजिम स्थानीय जलवायु परिवर्तन सम्बन्धी विषयलाई समावेश गर्ने र विद्यालयको वार्षिक क्यालेण्डरमा जलवायु परिवर्तन सम्बन्धी विषयक कार्यक्रम विद्यालयमा अतिरिक्त क्रियाकलापको रुपमा सञ्चालन गर्न आवश्यक बजेट समेत प्रदान गरी सिफारिस गर्ने,

(ड) गाउँपालिका भित्र भएको वर्षा, तापक्रम र मौसम सम्बन्धी आवश्यक विवरणको तथ्याङ्क राख्ने,

(ढ) गाउँपालिकाको विकास योजना र कार्यक्रमहरूमा जलवायु परिवर्तनको मूलप्रवाह सुनिश्चित गर्ने,

(ण) संघीय तथा प्रदेशका सरकारी निकायहरूले गर्ने जलवायु परिवर्तन कार्यक्रमहरूको सहजीरकण तथा समन्वय गर्ने,

(त) जलवायु परिवर्तनसम्बन्धी योजना, अनुसन्धान र विकास, विस्तार र जलवायु परिवर्तनसम्बन्धी गतिविधिहरूको अनुगमनका लागि कार्यक्रमको आधारको रूपमा काम गर्न जलवायु परिवर्तनसम्बन्धी फ्रेमवर्क रणनीति तर्जुमा गर्ने,

(थ) जलवायु परिवर्तनको ढाँचा रणनीति र कार्यक्रममा तोकिएका लक्ष्यहरूको प्राप्ति सुनिश्चित गर्न नीतिगत समन्वयको अभ्यास गर्ने,

(द) फराकिलो बहु-सरोकारवालाहरूको सहभागितालाई बढावा दिने र जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनलाई एकीकृत गर्ने सक्षम वातावरण सिर्जना गर्ने,

(ध) जलवायु परिवर्तनका अन्य मानवीय कारणहरूलाई न्यूनीकरण गर्ने रणनीतिहरू तर्जुमा गर्ने,

(न) प्रचलित संघीय कानून बमोजिमको जलवायु तथा वातावरण संरक्षण परिषद्को निर्देशनको परिपालना गर्ने,

(प) वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने,

(फ) नीतिगत समितिबाट मागर्दशन भएका नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ब) गाउँपालिकाको क्षेत्रभित्र रहेको पानीको स्रोत र समग्र वातावरण संरक्षण सम्बन्धी कार्य गर्ने वा गराउने,

(भ) सार्वजनिक, निजी, साझेदारीको अवधारणा अनुरुप सहकारी, सामुदायिक संस्था, उपभोक्ता समिति वा निजी क्षेत्रसँग सहकार्य एवं समन्वय गरी योजना निर्माण, सञ्चालन तथा कार्यान्वयन गर्ने वा गराउने,

(म) नेपाल सरकारले जलवायु परिवर्तनको प्रतिकूल असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनको लागि स्थानीय तहबाट कार्यान्वयन गरिने क्षेत्रगत नीति, रणनीति वा कार्ययोजनामा जलवायु परिवर्तनको प्रतिकूल असर तथा

जोखिम न्यूनीकरणको लागि अबलम्बन गर्नु पर्ने उपायका सम्बन्धमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जारी गरेको आदेशको पालना गर्ने,

(य) जलवायु परिवर्तनको प्रतिकूल असर तथा जोखिम न्यूनीकरण सम्बन्धमा ग्रामीण क्षेत्रमा कार्यान्वयन गर्नु पर्ने विषयहरूको प्राथमिकता निर्धारण गर्नको लागि नेपाल सरकारले निर्धारण गरेको मापदण्डलाई गाउँपालिकाले पालना तथा अबलम्बन गर्ने गरी कार्यक्रम तथा योजना बनाउने,

(र) प्रचलित संघीय वातावरण संरक्षण नियमावली, २०७७ को नियम २५ को उपनियम (१) बमोजिम मन्त्रालयले प्रकाशन गरेको प्रतिवेदन र उपनियम (३) बमोजिमको जलवायु तथा मौसम विभागले प्रकाशन गरेको तापक्रम, वर्षा र जलप्रवाह लगायतका जलवायुजन्य अवयवको आधारमा जलवायु परिवर्तन परिदृश्य सम्बन्धी प्रतिवेदनको आधारमा जलवायु परिवर्तन व्यवस्थापन सम्बन्धी योजना तर्जुमा र प्राथमिकिकरण गर्ने,

(ल) हिमालको हिउँलाई संरक्षण गर्ने तथा पानीको सञ्चय र भण्डारणको लागि हिउँ सञ्चय गर्ने गरी आवश्यक प्रविधिको निर्माण, विकास उपयोग गर्ने गरी योजना बनाउने,

(व) कार्यकारिणी समितिको लागि आवश्यक स्रोतको व्यवस्थापन तथा परिचालन गर्ने।

९. <u>नीतिगत समिति तथा कार्यकारिणी समितिको सचिवालय</u>ः नीतिगत समिति तथा कार्यकारिणी समितिको सचिवालय गाउँकार्यपालिकाको जलवायु तथा वातावरण विषय हेर्ने सम्बन्धित विभाग वा शाखा हुनेछ।

१०. <u>वडास्तरिय जलवायु परिवर्तन व्यवस्थापन समिति</u>ः (१) गाउँपालिकाले वडास्तरमा वडा अध्यक्षको संयोजकत्वमा एक वडास्तरीय जलवायु परिवर्तन व्यवस्थापन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन तथा काम, कर्तव्य र अधिकार यस ऐन बमोजिमको जलवायु परिवर्तन व्यवस्थापन कार्यकारिणी समितिले तोक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक र सो सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गर्नेछ।

११. <u>जलवायु परिवर्तन व्यवस्थापन उपभोक्ता समूह</u>ः (१) उपभोक्ता समूह वा स्थानीय समुदायमा रहेको प्रथाजनित संस्था वा अन्य सामूदायिक संस्थाले गाउँपालिकामा जलवायू परिवर्तन

अनुकूलन क्षमताको अभिवृद्धि तथा जलवायू परिवर्तनको प्रतिकूल प्रभावको न्यूनीकरणका लागि प्राकृतिक स्रोत, सम्पदा तथा वातावरणको संरक्षण र सम्बर्धन गर्न गाउँपालिकाले तोकेको कार्यविधि बमोजिम गाउँपालिका तथा वडा कार्यालयमा दर्ता हुन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम दर्ता भएका समूह तथा संस्थालाई गाउँपालिका तथा वडा कार्यालयले यस ऐनको उद्देश्य कार्यान्वयनको लागि परिचालन तथा सञ्चालन गर्न सक्नेछन।

## परिच्छेद-४

## स्थानीय अनुकूलन योजना

१२. जलवायु अनुकूल योजना बनाउनेः (१) जलवायु परिवर्तनको प्रतिकूल असर र जोखीमबाट बच्नको लागि गाउँपालिकाले वार्षिक अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुकूलन योजना बनाउँदा जलवायु परिवर्तनको असरबाट बढी जोखिम पर्ने महिला, दलित, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदाय, आदिवासी जनजाति र जलवायु परिवर्तनबाट बढी जोखिममा परेका भौगोलिक क्षेत्रका बासिन्दालाई विशेष प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको योजना आदिवासी जनजाति तथा स्थानीय समुदायमार्फत कार्यान्यवन गर्दा गाउँपालिकाले त्यस्तो समुदायलाई आवश्यक सहयोग गर्नु पर्नेछ।

१३. जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धिः (१) जलवायु परिवर्तनको हालको अवस्था संकटासन्नता जोखिम तथा भविश्यमा यसले पार्न सक्ने प्रभावहरूको बारेमा आदिवासी जनजाति, स्थानीय समुदाय र स्थानीय सरोकारवालाहरूलाई गाउँपालिकाले सुसूचित गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूसचित गर्नको लागि गाउँपालिकाले आदिवासी जनजाति, स्थानीय समुदाय र स्थानीय स्तरमा रहेका संस्था र सरोकारवालासँग समन्वय र सहकार्य गर्दै परिचालन गर्नु पर्नेछ।

(३) गाउँपालिकाले जलवायु परिवर्तनको बारेमा स्थानीय स्तरमा दक्ष जनशक्ति (स्रोत व्यक्ति) तयार गर्नको लागि आवश्यक रणनीति विकास गर्नु पर्नेछ।

(४) जलवायु परिवर्तन सम्बन्धी जानकारीमूलक सामग्री तयार गरी उक्त सामग्रीहरूमा स्थानीय समुदायको पहुँच बढाउने गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

१४. <u>जोखिम र संकटासन्नताको विश्लेषण तथा वस्तुगत विश्लेषणको तयारी</u>ः (१) स्थानीय तहले जोखिम र संकटासन्नताको विश्लेषण तथा तोकिए बमोजिमको वस्तुगत विवरण सहितको जोखिम पार्श्वचित्र (रिस्क प्रोफाइल) तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पार्श्वचित्र तयार गर्दा गाउँपालिकास्तरमा घरधुरी, समुदाय, भौगोलिक क्षेत्र (जलाधार र तटीय क्षेत्र नदी प्रणाली, भूपरिधि),तथा प्रणाली (जिविकोपार्जन तथा पर्यावरणीय) स्तरमा तयार गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम पार्श्वचित्र तयार गर्दा जलवायु परिवर्तनले कृषि, खाद्य सुरक्षा, वन तथा जैविक विविधता, जलस्रोत, उर्जा, स्वास्थ्य, सरसफाइ, पर्यटन, पूर्वाधार विकास लगायतको क्षेत्रमा परेको असरहरूलाई समेत विश्लेषण गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम तयार भएको पार्श्वचित्रका विवरणहरू अद्यावधिकरुपमा तयार गर्ने र वार्षिकरुपमा अद्यावधिक गर्दै वडा तथा गाउँकार्यपालिकामा अभिलेख गर्नु पर्नेछ।

(५) पार्श्वचित्र तयार गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. <u>जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीतिको पहिचान</u>ः (१) गाउँपालिकाले व्यक्ति, धुरी, आदिवासी जनजाति, समुदाय, प्रणाली वा क्षेत्रको संकटासन्नतालाई न्यूनीकरण गर्ने तथा तीनिहरूको जलवायु उत्थानशिलता वृद्धि गर्ने खालका अनुकूलन रणनीतिहरूको पहिचान गर्नेछ।

(२) जलवायु परिवर्तन अनुकूलन र विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरू विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित हुने भएकोले रणनीति तयार गर्दा जलवायु परिवर्तनले कृषि,खाद्य सुरक्षा, वन तथा जैविक विविधता, जलस्रोत, उर्जा, पर्यटन, स्वास्थ्य र सरसफाई लगायत महत्वपूर्ण जिविकोपार्जनका क्षेत्रहरूमा परेको प्रभावलाई न्यूनीकरण गर्ने र उत्थानशील बनाउने उपायहरूबारे ध्यान दिनु पर्नेछ।

(३) जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका रणनीतिको पहिचान गर्न स्थानीय स्तरमा सम्बन्धित सरोकारवालाको सहभागितामा मापदण्ड तथा आधार तयार गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको रणनीतिको पहिचान गर्दा त्यस्ता रणनीतिको लागत लाभ विश्लेक्षण तथा त्यस्ता रणनीति कार्यान्वयन गर्ने उपयुक्त प्रविधि तथा स्रोतको पहिचान तथा लेखाजोखा गर्नु पर्नेछ।

(५) जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीतिको पहिचान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. नीति तथा योजनाहरूमा समायोजन तथा मुलप्रवाहीकरणः (१) दफा १५ बमोजिम पहिचान गरिएका रणनीतिहरूलाई गाउँपालिकाको विकासका नीति तथा योजनाहरूमा समायोजन तथा मूलप्रवाहीकरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समायोजन तथा मूलप्रवाहीकरण गर्दा जलवायु परिवर्तन सम्बन्धी स्थानीय सूचना, जोखिमको अवस्था, स्रोत साधनको उपलब्धता र गुणस्तर, त्यसमाथिको पँहूच र अनुकूलन तथा जोखिम न्यूनीकरणको आवश्यकता पहिचानका अतिरिक्त राष्ट्रिय तथा प्रादेशिक योजना आयोगहरूको आधारपत्र तथा आवधिक विकास योजनाको दिर्घकालिन लक्ष्य तथा रणनीतिहरूलाई आधारविन्दु बनाउनु पर्नेछ।

(३) प्राविधिक रुपले कठिन तथा धेरै साधन र स्रोत लाग्ने अनुकूलनका योजनाहरू संघ तथा प्रदेशसँगको समन्वय र सहकार्यमा वहुवर्षीय, दिर्घकालीन तथा आवधिक योजनामा समावेश गर्ने गरी सहजीकरण तथा कार्यान्वयन गर्नु पर्नेछ।

(४) दुई वा दुई भन्दा बढी स्थानीय तहहरूबीच वा स्थानीय तह र प्रदेशबीच वा स्थानीय तह, प्रदेश र संघबीच समन्वय गरी कार्यान्वयन गर्नु पर्ने जलवायु अनुकूलन तथा न्यूनीकरणका योजनाहरू कार्यपालिकाले योजनामा एकीकरण गरी कार्यान्वयनमा सहजीरकण गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम गाउँपालिकाको योजना तथा विकासका नीतिहरूमा जलवायु परिवर्तनलाई मूलप्रवाहीकरण गरी तोकिए बमोजिम संस्थागत गरिनेछ।

१७. वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रियामा समावेशः (१) दफा १६ बमोजिम समायोजन तथा मुलप्रवाहीकरण गरिएका रणनीतिलाई गाउँपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रियामा जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरूलाई आफ्नो कार्यक्षेत्रभित्र सञ्चालन गर्ने विषयगत क्षेत्र अनुसारका कार्ययोजनामा वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रियाको देहायका चरणमा समायोजन गर्नेछ।

(क) पूर्व योजना तयारी

(ख) स्रोत अनुमान तथा निर्धारण

(ग) योजना छनौट

(घ) वडास्तरीय योजना प्राथमिकीकरण

(ङ) योजना तथा बजेट तर्जुमा

(च) सभाबाट कार्यक्रम स्वीकृत

(छ) कार्ययोजना कार्यान्वयन

(ज) अनुगमन तथा मुल्याङ्कन

(२) उपदफा (१) बमोजिमको प्रक्रियामा समावेश गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. अनुकूलन तथा विपद जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यहरुको कार्यान्वयनः (१) जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनका कार्यहरूको कार्यान्वयन देहाय बमोजिम हुनेछः-

(क) व्यक्ति, घरधुरी, आदिवासी जनजाति, महिला, दलित, स्थानीय समुदाय र उपभोक्ता समूहको जीविकोपार्जन तथा पारिस्थितिकीय प्रणालीमा आधारित भई,

(ख) व्यक्ति, घरधुरी, आदिवासी जनजाति, महिला, दलित र समुदायस्तरमा जोखिम तथा संकटासन्नता र यसका अन्तर्निहित कारण फरक फरक भएका कारण जलवायु परिवर्तनबाट बढी प्रभावित संकटासन्न घरधुरीको विशिष्ट समस्यालाई समाधान गर्ने गरी,

(ग) व्यक्ति, घरधुरी, आदिवासी जनजाति, स्थानीय समुदाय, महिला, दलित र उपभोक्ता समूह, संघ संस्था र परियोजनास्तरमा निर्माण र कार्यान्वयनमा प्रोत्साहान गर्ने गरी,

(घ) बाग्मती प्रदेश सरकार , नेपाल सरकार र अन्य सरोकारवालाको समन्वय र सहयोगमा आधारित भई।

(२) जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनका कार्यहरूको कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. स्थानीय अनुकूलन कार्ययोजनाः (१) जलवायु परिवर्तनलाई मुलप्रवाहीकरण गर्नको लागि यस गाउँपालिकामा जलवायु अनुकूलको खाँका यस परिच्छेदको दफा १३, १४, १५, १६, १७ र १८ मा उल्लिखित विषयमा आधारित हुने गरी बनाउनु पर्नेछ ।

(२) यस गाउँपालिकाको अनुकूलन कार्ययोजना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## जानकारी उपलब्ध गराउनु पर्ने

२०. जानकारी उपलब्ध गराउनु पर्नेः (१) गाउँकार्यपालिकाले जलवायु परिवर्तनबाट आदिवासी जनजाति, स्थानीय समुदाय, पारिस्थतिकीय प्रणाली तथा जैविक विविधतामा परेको प्रतिकूल असर तथा जोखिमको विषयमा तोकिए बमोजिम आवधिक रूपमा अध्ययन विवरण सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको अध्ययनको आधारमा गाउँपालिकाबाट कार्यान्वयन गरिने विकास आयोजना तर्जुमा गर्दा जलवायु परिवर्तनबाट हुने प्रतिकूल असर वा जोखिम न्यूनीकरणका लागि अबलम्बन गर्नु पर्ने उपाय सम्बन्धी आवश्यक जानकारी गाउँपालिकाले समय समयमा आफ्ना नागरिकलाई सञ्चारमाध्यमबाट जानकारी गराउनु पर्नेछ।

(३) जलवायु परिवर्तनबाट हुने प्रतिकूल असर वा जोखिम न्यूनीकरणका लागि अबलम्बन गर्नु पर्ने उपाय सम्बन्धमा संघीय तथा प्रदेश सरकारबाट आवश्यक जानकारी उपलब्ध भएमा सो जानकारी समेतलाई उपदफा (२) बमोजिमको विकास आयोजना तर्जुमाको प्राथमिकता निर्धारणको आधार लिनु पर्नेछ।

२१. जलवायु संवेदनशिल तथा जोखिम क्षेत्र घोषणा गर्न सक्नेः (१) यस गाउँपालिकाको कुनै क्षेत्र वा स्थान वा विशेषमा वातावरणीय प्रदुषण, भू-स्खलन, प्राकृतिक विपति वा प्राकृतिक सम्पदाको दोहन हुन गई जनस्वास्थ्य वा वातावरणमा प्रतिकूल असर परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा सो क्षेत्रलाई संवेदनशिल क्षेत्र तथा जोखिम क्षेत्र घोषणा गर्न सक्नेछ। सो गर्नु अगाडि कार्यपालिकाले विशेषज्ञहरूको प्राविधिक समिति गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको प्राविधिक समितिले उपदफा (१) बमोजिमको क्षेत्र संवेदनशिल क्षेत्र तथा जोखिम क्षेत्रभित्र परेको निक्यौंल गरेमा सो क्षेत्र र सो क्षेत्रमा रहेका समुदायलाई लाई जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट बचाउन रणनीति ढाँचासमेत तयार गरी गाउँकार्यपालिकालाई सिफारिस गर्नेछ।

(३) उपदफा (२) बमोजिमको रणनीति ढाँचाले जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट जोखिममा परेका समुदायहरूलाई जोगाउनका लागि जलवायु परिवर्तन योजना,

अनुसन्धान र विकास, विस्तार र गतिविधिहरूको अनुगमन गर्ने कार्यक्रमको आधारको रूपमा काम गर्नेछ।

(४) उपदफा (२) बमोजिम सिफारिस भएको क्षेत्रलाई गाउँकार्यपालिकाले आवश्यक ठानेमा त्यसको चारकिल्ला समेत खोलीएको सूचना स्थानीय राजपत्रमा प्रकाशित गरी जलवायु परिवर्तनको संवेदनशिल क्षेत्र तथा जोखिम क्षेत्र घोषणा गर्न सक्नेछ र सोही सूचनामा उल्लेख गरी त्यस्तो क्षेत्रको वातावरणलाई प्रतिकूल असर गर्ने कार्यलाई रोक लगाउन सक्नेछ।

(५) उपदफा (२) बमोजिमको सिफारिस समितिले सिफारिस गरेको रणनीति ढाँचालाई उपदफा (३) बमोजिमको क्षेत्रमा अबलम्बन गर्नुपर्ने नीति, योजना र कार्यक्रममा समावेश गरी प्रचलित कानूनको अधीनमा रहेर प्राथमिकताका साथ कार्यान्वयन गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिम जोखिम क्षेत्र घोषणा गरिएको क्षेत्रको सम्बन्धमा कार्यपालिकाले प्रत्येक वर्षमा एक पटक प्राविधिक समितिबाट जलवायु परिवर्तनको प्रभाव र असरको पुनरावलोकन तथा समीक्षा गराउनेछ।

(७) उपदफा (४) बमोजिम जोखिम क्षेत्र घोषणा गरिएको क्षेत्रको सम्बन्धमा वातावरणीय सन्तुलन व्यवस्थापन वा वातावरणीय पुनर्स्थापनाको लागि गाउँपालिकाको स्रोत र साधनबाट सम्भव हुन सक्ने नभएमा आवश्यक कारवाहीको लागि प्रदेश सरकार तथा नेपाल सरकारमा लेखि पठाउन सक्नेछ।

(८) उपदफा (४) बमोजिम जोखिम क्षेत्र घोषणा गरिएको क्षेत्रमा वातावरणीय सन्तुलन भएमा तथा वातावरणीय पुनर्स्थापनाको सुधार भएमा त्यस्तो क्षेत्रलाई संवेदनशिल तथा जोखिम क्षेत्रबाट गाउँकार्यपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी हटाउन सक्नेछ।

## परिच्छेद-६

## वातावरण तथा स्थानीय सम्पदा संरक्षण

२२. वातावरण संरक्षण योजना तर्जुमा गर्नेः (१) स्वच्छ र स्वस्थ्य वातावरण कायम गरी सोको संवर्द्धन तथा प्रवर्द्धन गर्ने उद्देश्यले गाउँपालिकाले वातावरण संरक्षण योजना तर्जुमा गरी कार्यान्वयन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको योजना तर्जुमा गर्दा वातावरण संरक्षण, संवर्द्धन, दिगो उपयोग र वातावरणीय स्रोतहरूको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरणसँग सम्बन्धित परम्परागत र स्थानीय अभ्यासलाई योजनामा समावेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको योजनामा तोकिए बमोजिमका विषयहरू समावेश गरिनेछ।

२३. वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेः (१) वातावरण संरक्षणका दृष्टिले स्थानीयस्तरमा महत्वपर्ण मानिने प्राकृति सम्पदा वा सौन्दर्यपरक स्थल वा ऐतिहाँसिक वा सांस्कृतिक महत्वका स्थललाई स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी गाउँपालिकाले वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ।

(२) गाउपालिका क्षेत्र भित्र कुनै विकास योजना सञ्चालन, विकास व्यवस्थापन गर्दा सरोकारवाला निकायसँगको समन्वयमा वातावरण संरक्षण गर्ने उद्देश्यले गाउँपालिकाको कुनै क्षेत्र विशेषलाई खुला वा हरियाली क्षेत्र तोक्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको हरियाली क्षेत्रमा गाउँपालिकाले तोकिए बमोजिमको बाहेक कुनै काम गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(४) वातावरण संरक्षणको लागि उपदफा (१) बमोजिम कायम गरिएको क्षेत्रको व्यवस्थापनामा स्थानीय समुदायलाई सहभागी गराउन सकिनेछ।

(५) उपदफा (१) बमोजिम व्यवस्थापन गरिएको क्षेत्रको व्यवस्थापनबाट प्राप्त हुने लाभमा गाउँपालिकाले स्थानीय समुदायलाई तोकिए बमोजिम सहभागि गराउनु पर्नेछ।

स्पष्टीकरण :यस दफाको प्रयोजनको लागि “स्थानीय समुदाय” भन्नाले त्यस्तो क्षेत्रभित्र वा सोको वरीपरि बसोबास गर्ने समुदाय सम्झनु पर्छ।

२४. स्थानीय सम्पदाको संरक्षणः (१) स्थानीय सम्पदाको संरक्षण गर्नु सबैको कर्तव्य हुनेछ।

(२) स्थानीय सम्पदाको संरक्षण गर्ने प्रयोजनको लागि गाउँकार्यपालिकाको सम्बन्धित शाखाले अभिलेख तयार गरी राखु पर्नेछ र सो अभिलेखमा गाउँपालिका भित्रका स्थानीय सम्पदा सूचीमा परेका वस्तु तथा स्थलहरू समेत समावेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अभिलेखमा समावेश भएका वस्तु, स्थल, वनस्पति, जीवजन्तु, वातावरणीय अवस्था आदिको संरक्षण तोकिए बमोजिम गरिनेछ।

२५. स्थानीय सम्पदाको जानकारीः स्थानीय सम्पदामा समावेश गर्नु वस्तु, स्थल, वनस्पति र वातावरण अवस्थाको विवरण सर्वसाधारणको जानकारीको लागि स्थानीय राजपत्र र वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

२६. स्वीकृति लिनुपर्नेः दफा २२ बमोजिम सम्पदा सम्बन्धी योजनामा समावेश भएका वस्तु, स्थल, वनस्पति, जिवजन्तु वा वातावरणीय संरक्षणका सम्बन्धमा देहायको कार्य गर्न गराउन सम्पदा तथा वातावरण संरक्षण गर्दै गाउँपालिकाको स्वीकृति लिनु पर्नेछः-

(क) कुनै वस्तु, वनस्पति वा जिवजन्तु हटाउन, फेरबदल गर्न वा त्यसलाई नोक्सान पुग्ने कुनै काम गर्न,

(ख) कुनै वस्तु, वनस्पति वा जिवजन्तु कसैलाई बेचविखन वा हस्तान्तरण गर्न,

(ग) अभिलेखमा समावेश भएका कुनै जिवजन्तुलाई नोक्सान पुऱ्याउने किसिमका अन्य जिवजन्तु स्थानिय सम्पदा संरक्षण क्षेत्रमा प्रवेश गराउन,

(घ) कुनै वस्तु, स्थल, वनस्पति वा जीवजन्तु बिग्रने वा नासिने गरी अन्य कुनै काम गर्न

२७. वातावरण संरक्षण क्षेत्र, खुला वा हरियाली क्षेत्रमा निषेधित कार्यः (१) दफा २१ को उपदफा (१) र (२) बमोजिम कायम गरिएको वातावरण संरक्षण क्षेत्र, खुला वा हरियाली क्षेत्रमा देहायका कुनै काम गर्न वा गराउन नपाउने गरी गाउँपालिकाले रोक लगाउन सक्नेछः-

(क) प्राकृतिक सम्पदा वा सौन्दर्यपरक स्थितिलाई बिगार्न, नास्न, भत्काउन, हटाउन, छेक्न वा अरू कुनै किसिमले हानि नोक्सानी पुरयाउन,

(ख) ऐतिहाँसिक वा साँस्कृतिक महत्वका स्थल बिगार्न, फेर्न, नास्न, हटाउन, भत्काउन वा त्यस्ता स्थालमा कुनै पर्चा, पम्पलेट, भित्तेलेखन, पोष्टर वा त्यस्ता अन्य कागजात वा चित्र टाँस्न वा अरू कुनै प्रकारले हानि हुने काम गर्न,

(ग) कुनै नदी, खोला नाला, झरना खहरे पोखरी कुण्ड, ताल वा पानीको स्रोतमा विद्युती धार (करेण्ट) वा वनस्पतीजन्य वा कुनै किसिमको हानिकारक रसायन पदार्थ प्रयोग गर्न,

(घ) खानी खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, माटो, गिट्टी, बालुवा वा अन्य पदार्थ हटाउन,

(ङ) होटल, लज वा सार्वजनिक यातायात,स्वास्थ्य चौकि, विद्यालय, कुटी वा अन्य यस्तै किसिमको सेवा सञ्चालन गर्न,

(च) वातावरण संरक्षण क्षेत्रमा लगाइएको तारबार, चिन्ह, सङ्केत वा अन्य चीज वस्तुलाई हानी नोक्सानी पुऱ्याउन,

(छ) जैविक विविधितालाई प्रतिकूल असर पार्ने किसिमको कुनै कार्य गर्न,

(ज) कुनै पनि वनस्पति काटन, ढाल्न, हटाउन, फेर्न, उखेल्न तथा बनस्पतिलाई हानि नोक्सानी पुऱ्याउने कार्य गर्न।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण संरक्षण क्षेत्रको व्यवस्थापन तथा विकासको लागि त्यस्तो क्षेत्र भित्र गाउँ कार्यपालिकाले स्वीकृत प्रदान गरे बमोजिमको कार्य सञ्चालन गर्न सकिनेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आदिवासी जनजातिको अधिकार संरक्षण गर्न र आदिवासी जनजाति तथा स्थानीय समुदायको प्रथा परम्पराबमोजिम गर्नु पर्ने कार्य गर्नको लागि स्वीकृति नलिई गर्न यस दफामा लेखिएको कुराले बाधा पुगेको मानिने छैन।

२८. <u>प्रदुषण नियन्त्रण</u>: गाउँपालिकाले गाउँपालिकाभित्र सञ्चालन भएका सवारी साधन, यन्त्र उपकरण औधोगिक प्रतिष्ठान, होटल, रष्टुरेण्ट वा अन्य स्थान वा मालवस्तु वा कुनै क्रियाकलापबाट हुने प्रदुषण वा जोखिमपूर्ण पदार्थ निष्कासन वा उत्सर्जनबाट हुने असर न्यूनीकरण वा निराकरणको लागि प्रचलित कानून बमोजिमको मापदण्ड पालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(२) कसैले पनि जनजिवन, जनस्वास्थ्य एवं वातावरणमा उल्लेखनीय प्रभाव पार्ने गरी प्रदुषण गर्ने वा उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा मापदण्ड

विपरितको कार्य गरेको पाइएमा प्रचलित संघीय कानून बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउनेछ।

२९. <u>जोखिमपूर्ण पदार्थको निषेध र व्यवस्थापन</u>: (१) गाउँपालिकाभित्र निषेधित पदार्थ, जोखिमपूर्ण पदार्थ प्रवेश गर्न र प्रयोग गर्न रोक लगाइनेछ।

**<u>स्पष्टीकरण</u>**: "निषेधित पदार्थ, जोखिमपूर्ण पदार्थ" भन्नाले गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशन गरी तोकेका निषेधित र जोखिमपूर्ण पदार्थलाई सम्झनु पर्छ।

(२) गाउँपालिकाभित्र जोखिमपूर्ण पदार्थको संङ्कलन, भण्डारण, प्रशोधन, बिक्रि वितरण, विसर्जन वा ओसार पसार गर्दा सम्बन्धित व्यक्ति वा संस्थाले जनस्वास्थ्य र जलवायुमा प्रतिकूल असर नपर्ने गरी उचित व्यवस्थापन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जोखिमपूर्ण पदार्थको व्यवस्थापन गर्दा सम्बन्धित व्यक्ति र संस्थाले आफ्नै खर्चमा गर्नु पर्नेछ।

(४) गाउँपालिकाले उपदफा (२) र (३) बमोजिम उचित व्यवस्थापन भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा उचित व्यवस्थापन नगरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउनेछ।

३०. <u>फोहोरको उचित व्यवस्थापन</u>: फोहोरबाट उत्सर्जन हुने प्रदुषण कम गर्न गाउँपालिकाले गाउँपालिकाभित्र उत्पादन हुने फोहोरको प्रदुषणको प्रकृति अनुसार कुहिने, नकुहिने, पुनःप्रयोग हुने र पुनर्उत्पादन (रिसाइकल) गर्न सकिने तोकिए बमोजिम फोहोर वर्गीकरण गरी उचित व्यवस्थापन गर्नु पर्नेछ।

३१. <u>वातावरण स्वयंसेवक</u>: (१) गाउँपालिका भित्रको क्षेत्रमा हुने प्रदुषण रोक्न तथा फोहोर मैला हटाउनको लागि गाउँपालिकाले वडाको समन्वयमा स्थानीय नागरिकलाई तोकिए बमोजिम तालिम प्रदान गरी स्वयंसेवकको रूपमा तोकिए बमोजिमको काम गर्न तोकिएको सुविधा दिई काममा लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको वातावरण स्वयंसेवकको रुपमा काममा लगाउँदा स्थानीय युवाहरूलाई काममा लगाउनु पर्नेछ।

## परिच्छेद-७

## <u>वन व्यवस्थापन तथा जलाधार संरक्षण र नवीकरणीय उर्जाको प्रवर्धन</u>

३२. जलाधार क्षेत्रको संरक्षणः गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका जलाधारको जलवायुजन्य हानी नोक्सानी नहुने गरी देहायका कार्य गरी संरक्षण गर्नु पर्नेछः-

(क) रोकथाम वा नियन्त्रण गर्ने बाँध (डेम), गल्छी नियन्त्रण (चेक डेम), तटबन्ध (इम्बाङ्कमेण्ट), गरा सुधार, (टेरेस इम्प्रभमेण्ट), कुलो, सहायक कुलो वा ढल (ढाइभर्सन च्यानल), टेवा दिने पर्खाल (रिटेनिङ् वाल), पोखरी र यस्तै अन्य आवश्यक बनौटको निर्माण गर्ने र त्यसको सम्भार गर्ने,

(ख) स्थानीय आवश्यकता अनुसार परीक्षण स्थल (ट्रायल प्लट) हरूको व्यवस्था गर्ने तथा त्यसको स्याहार संभार गर्ने,

(ग) रैथाने प्रजातीको वृक्षारोपण गर्ने, घाँस झारपात वा अन्य वनस्पति लगाउने, त्यसको स्याहार सम्भार गर्ने तथा हुर्काउने,

(घ) पहिरो जान सक्ने जग्गाहरू र भिरालापाखाहरूमा रहेका वन, जङ्गल, झारपात, घाँस तथा अन्य प्राकृतिक वनस्पतिको संरक्षण गर्ने, त्यसको स्याहार सम्भार गर्ने तथा संवर्द्धन गर्ने,

(ङ) जलवायु उत्थानशिलतालाई मद्दत पुऱ्याउने किसिमका रैथाने बाली तथा फलफूलको खेती गर्ने,

(च) माटोको उर्वरा शक्ति र पानी तथा वातारणको स्वच्छता सन्तुलित रुपमा कायम बनाई राख्ने,

(छ) स्थानीय स्रोत साधनको उपयोग हुने गरी जलवायु मैत्री प्रविधिहरूको उपयोग गर्ने,

(ज) नेपाल सरकार तथा प्रदेश सरकारले स्थानीय तहलाई तोकेको भू तथा जलाधार संरक्षण सम्बन्धी अन्य कार्यहरू गर्ने।

३३. सार्वजनिक जग्गामा वन व्यवस्थापन सम्बन्धी व्यवस्थाः (१) गाउँपालिकाले राष्ट्रिय बन बाहेक प्रचलित वन सम्बन्धी संघीय कानूनको अधिनमा रही सार्वजनिक जग्गामा वनको व्यवस्थापन, संरक्षण र व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कामका लागि गाउँपालिकाले वन सम्बन्धी कार्यालयहरूसँग आवश्यक सहयोग माग गरी वनको संरक्षण र व्यवस्थापन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम बनको संरक्षण र व्यवस्थापन गर्दा गाउँपालिकाले उपभोक्ता समूह वा स्थानीय समुदायमा रहेको प्रथाजनित संस्था वा अन्य सामूदायिक संस्थामार्फत समेत गर्न सक्नेछ।

तर यस्ता उपभोक्ता समूह वा संस्था गाउँपालिकामा प्रचलित कानून बमोजिम दर्ता गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम उपभोक्ता समूह वा स्थानीय समुदायमा रहेको प्रथाजनित संस्था वा अन्य सामूदायिक संस्था मार्फत गर्दा त्यस्ता समूह वा संस्थाको वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयनका लागि सम्बन्धित वन कार्यालयसँग आवश्यक प्राविधिक तथा अन्य सहयोग माग गर्नु पर्ने र सम्बन्धित वन कार्यालयले त्यस्ता समुह वा संस्थालाई आवश्यक प्राविधिक तथा अन्य सहयोग माग गर्ने।

(५) उपदफा (४) बमोजिमको वन व्यवस्थापन कार्ययोजना गाउँपालिकाले स्वीकृत गरी उपभोक्ता समूह वा त्यस्ता संस्थासँग सम्झौता गरी सार्वजनिक जग्गामा वन व्यवस्थापन गरी प्रचलित कानूनले तोकेको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(६) गाउँपालिकाले यस्ता उपभोक्ता समूह वा स्थानीय समुदायमा रहेको प्रथाजनित संस्था वा अन्य सामूदायिक संस्था वा समूहको अद्यावधिक विवरण राख्नु पर्नेछ।

(७) यस दफा बमोजिम विकास, संरक्षण, व्यवस्थापन गरिएको वनको वन पैदावरको उपयोग तथा बिक्रि वितरण गर्न सकिनेछ।

(८) उपदफा (५) बमोजिम स्विकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम प्राप्त हुने वन पैदावार सम्बन्धित उपभोक्ता समूह वा संस्थाले स्थानीय तहसँगको सम्झौता बमोजिम मूल्य निर्धारण गरी उपदफा (७) बमोजिम बिक्री वितरण गर्न सक्नेछ।

(९) यस दफा बमोजिम व्यवस्थापन गरिएको वन पैदावारको विक्रि वितरणबाट प्राप्त रकम मध्ये पच्चीस प्रतिशत वन व्यवस्थापन कार्यमा खर्च गरी कबाँकी रकम सम्बन्धित गाउँपालिका र उपभोक्ता समिति वा संस्थाबिच भएको सम्झौता बमोजिम बाँडफाँड गर्नु पर्नेछ।

(१०) उपदफा (१) बमोजिम सार्वजनिक जग्गामा विकास भएको वन क्षेत्र गाउँपालिकाले सामूदायिक वनको रूपमा व्यवस्थापन गर्न सिफारिस गरेमा सम्बन्धित वन अधिकृतले उपभोक्ता समूह वा स्थानीय समुदायमा रहेको प्रथाजनित संस्था वा अन्य सामूदायिक संस्था गठन गरी वन व्यवस्थापन कार्ययोजना तयार गरी सामूदायिक वनको रूपमा मान्यता दिन सक्नेछ।

३४. <u>नवीकरणीय उर्जाको प्रर्वद्धन</u>ः गाउँपालिकाले नवीकरणीय उर्जाको प्रवर्द्धनको लागि तोकिए बमोजिम आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्दा नवीकरणीय उर्जा प्रवर्द्धन प्रविधिको लागि अनुदान परिचालन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको अनुदान वितरण कार्यविधि तथा मापदण्डमा तोके बमोजिम हुनेछ।

परिच्छेद-८

<u>कार्बन व्यापार र हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण</u>

३५. <u>न्यूनीकरणका कार्य गर्नु पर्ने</u>ः (१) हरितगृह ग्याँस उत्सर्जन गर्ने क्षेत्रको संघीय सरकारबाट निर्धारित राष्ट्रिय आधार तह (रेफरेन्स लेभल) को आधारमा गाउँपालिकाले न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्नेछ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिमका कार्यक्रमहरूको सञ्चालन देहाय बमोजिम गर्नेछः-

(क) हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरणका लागि स्वच्छ उर्जा, विद्युतीय यातायात र उर्जा किफायती प्रविधिको प्रयोगमा प्राथमिकता दिने,

(ख) उर्जा, उद्योग र फोहोरमैलाबाट हुने हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्न सहयोग पुऱ्याउने,

(ग) गाउँपालिकाको अनुकूलनको योजनामा हरितगृह ग्याँस उत्सर्जन न्यूनीरकणका कार्यक्रमलाई प्राथमिकता दिई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने, गराउने।

(३) नेपाल सरकार तथा बाह्य सहयोगबाट उपलब्ध हुने स्रोतलाई गाउँपालिकाको आवश्यकता तथा प्राथमिकताको आधारमा न्यूनीरकणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ।

३६. <u>कार्बन व्यापार</u>ः (१) गाउँपालिकाले कुनै सामाजिक तथा आर्थिक क्रियाकलापबाट कार्बन वा अन्य हरितगृह ग्याँसको उत्सर्जन भईरहेको अवस्थामा सो उत्सर्जनलाई घटाउने कार्य गरेमा त्यसरी घटेको उत्सर्जनको परिमाणलाई प्रचलित संघीय कानून बमोजिम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्रि गर्न सक्नेछ।

(२) गाउँपालिकाले गाउँपालिकाभित्र उत्सर्जन घटाउने र कार्वन सञ्चिति बढाउने कार्य गरेमा घटेको कार्वन उत्सर्जन र बढेको कार्बन सञ्चितिको परिमाणलाई प्रचलित कानून बमोजिम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय  बजारमा बिक्रि गर्ने सक्नेछ।

(३) गाउँपालिका तथा प्रत्यक्षअसर पर्ने समुदायहरूको सहमतिमा संघीय सरकारले कार्बन व्यापार गर्न सक्नेछ।

३७. <u>हरितगृह ग्याँस उत्सर्जनको मापन तथा परीक्षण</u>ः (१) गाउँपालिकाले गाउँपालिका भित्र उत्सर्जन हुने हरितगृह ग्याँस उत्सर्जनको मापन गर्न वा गराउन सक्नेछ।

(२) गाउँपालिकाभित्र सञ्चालित तोकिए बमोजिमका उद्योग, कम्पनी वा कलकारखानाले के कति मात्रामा कार्बन उत्सर्जन गरेका छन गाउँपालिकाले परिक्षण गर्नेछ।

३८. <u>उत्सर्जन दस्तुर</u>ः  (१) दफा ३७  बमोजिम मापन गरिएका परिमाणको हरित गृह ग्याँस उत्सर्जन गर्ने  उद्योग, कम्पनी वा कलकारखानाले गाउँसभाबाट निर्धारण गरेको दरमा उत्सर्जन दस्तुर गाउँपालिकामा बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दस्तुर गाउँपालिकाले तोकेको समयावधिमा नबुझाएमा दोब्बर जरिबाना लाग्नेछ।

## परिच्छेद-९

## <u>लैङ्गिक तथा सामाजिक समावेशीकरण</u>

३९. <u>प्रविधि उत्थानशिल र समावेशी बनाउने</u>ः (१) जलवायु परिवर्तनबाट हुने प्रतिकूल असरलाई जलवायु अनुकूलन प्रवधिमार्फत गाउँपालिकाले उत्थानशिल र समावेशी बनाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम  गाउँपालिकाले उत्थानशिल र समावेशी बनाउन आदिवासी जनजाति, स्थानीय समुदाय, विपन्न महिला, दलित तथा सकंटासन्न समुदायको सहभागिता र प्राविधिक क्षमता अभिवृद्धि गर्नु पर्नेछ।

४०. <u>प्रविधिमा पँहुच र सहभागिता</u>ः (१) प्रतिकूल मौसम र जलवायु परिवर्तनका कारण बालीनालीमा लाग्ने रोग किरा नियन्त्रण गर्ने एकीकृत रोग किरा व्यवस्थापन, जैविक मल जस्ता स्थानीय परिवेश सुहाँउदो प्रविधि विकास गरी गाउँपालिकाले त्यस्ता प्रविधिलाई महिला, दलित तथा संकटासन्न साना तथा सिमान्त कृषकहरूको पहूँचमा विस्तार गर्नु पर्नेछ।

(२) वर्षातको पानी सोस्ने, भूमिगत जल पुनर्भरण गर्न गरिने कुलेसा, पोखरी निर्माण, संकलन, र भण्डारण गर्ने, पानीको संकलन र समुचित व्यवस्थापनको लागि हिम पोखरी,

पानी घट्ट, कृत्रिम तथा परम्परागत पोखरी, तलाउ र साना जलाशयहरू महिला सहभागितामा निर्माण गर्ने गरी गाउँपालिकाले व्यवस्था गर्नु पर्नेछ।

(३) घरभित्र हुने धुवाँ र यसबाट विशेष गरी आदिवासी जनजाति, स्थानीय समुदाय, विपन्न महिलामा हुने असरलाई न्यूनीकरण गर्न सुधारिएको चुलो लगायतका उपयुक्त प्रविधिलाई गाउँपालिकाले प्रोत्साहन गर्नु पर्नेछ।

(४) पानीको संरचनाहरूको डिजाइन, स्थान छनौट तथा निर्माण जस्ता कार्यहरूमा आदिवासी जनजाति, स्थानीय समुदाय, दलित, विपन्न महिलाको सकृय सहभागिता गाउँपालिकाले सुनिश्चित गर्नु पर्नेछ।

४१. <u>लैङ्गिक मैत्री संयन्त्र र संरचना</u>: (१) गाउँपालिकाले लैङ्गिकमैत्री कृषि औजारको प्रयोग र विस्तार गर्ने योजना बनाउनेछ।

(२) गाउँपालिकाले स्थानीय स्तरमा लैङ्गिक मैत्री बजार संयन्त्र र संरचनाहरूको विकास गर्न सक्नेछ।

(३) गाउँपालिकाले विपद् अवस्थाको लागि सुरक्षित आपतकालिन स्थानहरुको पहिचान गरी संरचनाको निर्माण गर्दा लैङ्गिक मैत्रीरुपले निर्माण गर्नु पर्नेछ।

(४) गाउँपालिकामा रहेका आधारभूत सेवा केन्द्र, स्वास्थ्य चौकी, विद्यालय, कृषि सेवा केन्द्र, स्थानीय बजार लगायतका ठाउँसम्म सहज आवागमनलाई ध्यानमा राखी गाउँपालिकाले आदिवासी जनजाति, स्थानीय समुदाय, विपन्न, महिला, दलित तथा संकटासन्न समुदायलाई ध्यानमा राखी शाखा सडकहरू, गोरेटो सुधार, पुल पुलेसा निर्माण तथा वर्षातको पानी निकासको उचित व्यवस्था सहितको ग्रामीण सडक सञ्जाल विस्तार गर्नु पर्नेछ।

४२. <u>कृषि पाठशाला र बीउ बिजन बैङ्क</u>: (१) जलवायु परिवर्तनबाट हुने प्रतिकूल असर तथा प्रभावलाई न्यूनीकरण गर्ने र जलवायु अनुकूलन प्रविधिको विकास गर्न गाउँपालिकाले तोकिए बमोजिम कृषक पाठशाला स्थापना गर्न सक्नेछ।

(२) गाउँपालिकामा महिला, दलित तथा संकटासन्न कृषकहरूलाई परिचालन गरी तोकिए बमोजिम सामुदायिक बीउ बिजन बैङ्क स्थापना गरी गाउँपालिकाले सञ्चालन गर्न सक्नेछ।

४३. <u>सूचना प्रणालीको विकास</u>: जलवायु परिवर्तनबाट हुने प्रतिकूल असर तथा प्रभावलाई न्यूनीकरण गर्ने र जलवायु अनुकूलनको लागि गाउँपालिकाले देहाय बमोजिम हुने गरी सूचना प्रणालीको विकास गर्नेछ :-

(क) गाउँपालिकाले जलवायु सम्बन्धी सूचना र कृषि प्रचार र प्रसारका क्रियाकलापहरु महिला, दलित तथा विपन्नहरूको पहूँचमा पुऱ्याउने,

(ख) आदिवासी जनजाति तथा महिला, दलितको कार्यबोझ कम गर्ने नयाँ प्रविधि सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(ग) आगलागि र बन ढडेलोको निरन्तर अनुगमन प्रणाली स्थापना गरी महिलाहरूको सूचनामा पहूँच पुऱ्याउने,

(घ) हावाहुरी तथा बन डढेलो सम्बन्धी सबै आदिवासी जनजाति, महिला, दलित, उपभोक्ता स्थानीय बासिन्दा असहाय र अपाङ्गको पहूँल पुग्ने सूचना प्रणालीको विकास गर्ने,

(ङ) स्थानीय स्कूल तथा विद्यालयहरूमा जलवायु परिवर्तनका कारण स्वास्थ्य सरसफाइमा पर्ने असरको बारेमा जनचेतना अभिवृद्धि,

(च) सुरक्षित एवं जलवायु उत्थानशील आवासको अवधारणा तथा सुरक्षित संरचनाको निर्माण सम्बन्धमा जलचेतना अभिवृद्धि गर्ने,

(छ) आदिवासी जनजाति, विपन्न, ग्रामीण महिला, दलित तथा संकटासन्न समुदाय तथा वस्तीहरुको पहिचान र अभिलेखीकरण गर्ने,

(ज) अति प्रतिकूल मौसमले आदिवासी जनजाति, विपन्न, दलित, महिला (सुत्करी, गर्भवती), किशोरी, बालबालिका, अपाङ्ग तथा वृद्धवृद्धाहरूमा परेका असरहरूको जानकारी सङ्कलन गर्ने।

४४. <u>पानीको पहूँच</u>: (१) कार्यपालिकाले घरायसी तथा कृषि कार्यका लागि पानीको सुलभ पहूँच वृद्धि गर्ने गरी योजना बनाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको योजनामा पानीका संरचनाहरू महिला तथा संकटासन्न समूहका लागि पायक पर्ने उपयुक्त दुरीमा स्थापना गर्ने विषय समावेश हुनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पानीका संरचनाहरू तथा सार्वजनिक धाराहरू निर्माण गर्दा फरक लैङ्गिक आवश्यकतालाई सम्बोधन गर्न सक्ने गरी बनाउनु पर्नेछ।

४५. <u>संक्रामक रोगको नियन्त्रण</u>: (१) जलवायू परिवर्तनबाट सृजित रोगबाहक कीटाणु तथा संक्रामक रोगको महामारी फैलन नदिन आदिवासी जनजाति, विपन्न, महिला, दलित र संकटासन्न समुदायस्तरमा पूर्वतयारी आवश्यक संयन्त्रको विकास गरी गाउँपालिकाले कार्यान्वयन गर्नु पर्नेछ।

(२) संक्रामक रोगको नियन्त्रणको लागि हेल्थ पोस्ट, गाउँपालिका अन्तर्गतको स्थानीय अस्पतालको सुविधामा आदिवासी जनजाति, विपन्न, महिला, दलित र संकटासन्न समूहको पहूँच विस्तारका लागि गाउँपालिकाले आवश्यक सुधार गर्नु पर्नेछ।

४६. क्षमता विकासः गाउँपालिकाले विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन व्यवस्थापनमा देहायका विषय समावेश हुने गरी आदिवासी जनजाति, विपन्न, महिला, दलित तथा संकटासन्न समुदायको क्षमता विकास गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्ने गरी कार्य योजना तयार गर्नेछ :-

(क) बन, जैविक विविधता, जलाधार संरक्षण र जलवायु परिवर्तन व्यवस्थापनका लागि नेतृत्व विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(ख) जोखिम न्यूनीकरणको लागि स्थानीय स्तरमा दक्ष जनशक्ति तयार गर्नको लागि सीप मुलक, आवश्यकता पहिचानको आधारमा प्रतिनिधिमुलक तालिम सञ्चालन गर्ने,

(ग) पानीका संरचनाहरूको मर्मत सम्भार सम्बन्धी प्राविधिक क्षमता विस्तार गर्ने,

(घ) विपद् प्रतिकार्य समूहहरूलाई आधारभूत तालिम उपलब्ध गराउने

(ङ) विपद् व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन प्रकृयामा महिलाको नेतृत्व र सहभागितालाई सुनिश्चित गर्ने,

(च) पर्यापर्यटन व्यवसायमा संलग्न आदिवासी जनजाति, महिला, दलित तथा संकटासन्न समुदायको जीविकोपार्जनलाई अभिवृद्धि गर्ने विशेष सहुलियतका कार्यक्रम सञ्चालन गर्ने,

(छ) गाउँपालिकामा गठन हुने विपद् प्रतिकार्य दलहरूमा गाउँपालिकाले आदिवासी जनजाति, महिला, दलित लगायतको पचास प्रतिशत सहभागिता सुनिश्चित गर्ने,

(ज) बन, जैविक विविधता, जलाधार संरक्षण र जलवायु परिवर्तन व्यवस्थापनका लागि गाउँपालिकामा गठित प्राकृतिक स्रोत व्यवस्थापन समूहहरूका समितिमा कम्तीमा पचास प्रतिशत महिला र संकटासन्न समुदायको समानुपातिक सहभागिता सुनिश्चित गर्ने गरी आवश्यक व्यवस्था गर्ने।

परिच्छेद-१०

जलवायु कोष

४७. जलवायु कोषः (१) गाउँपालिकामा एउटा छुट्टै जलवायु परिवर्तन तथा व्यवस्थापन कोष हुनेछ र कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट जलवायु अनुकूलन तथा प्रतिकूल प्रभावको न्यूनीकरणको लागि प्राप्त रकम,

(ख) गाउँपालिका तथा अन्य स्थानीयतहबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, संघ, संस्था वा व्यक्ति वा अन्तराष्ट्रिय संघ वा संस्था जलवायु अनुकूलन तथा प्रतिकूल प्रभावको न्यूनीकरणबाट प्राप्त रकम,

(घ) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त सहयोग रकम,

(ङ) गाउँपालिकाले लिने उत्सर्जन दस्तुर वापतको रकम,

(च) कार्बन व्यापार बापत गाउँपालिकाले प्राप्त गरेको लाभ रकम,

(च) अन्य कानून बमोजिमको स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम विदेशी सरकार, संघ, संस्था वा व्यक्ति वा अन्तराष्ट्रिय संघ वा संस्थाबाट रकम प्राप्त गर्नु अगाडि गाउँपालिकाले संघीय मामिला मन्त्रालय मार्फत नेपाल सरकारको अर्थ मन्त्रालयसँग सहमति लिनु पर्नेछ ।

४८. कोषको सञ्चालन तथा व्यवस्थापनः (१) कोषको सञ्चालन तथा व्यवस्थापन गाउँकार्यपालिकाबाट हुनेछ।

(२) कोषको रकम देहायका विषयमा खर्च गरिनेछ :-

(क), जलवायु परिवर्तनको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने जलवायू अनुकूलन कार्यक्रम सञ्चालन गर्न,

(ख) गाउँपालिकाभित्र वातावरण संरक्षण र जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा जागरण फैलाउन स्यवंसेवक परिचालन गर्ने,

(ग) जलवायु परिवर्तन सम्बन्धी विषयक कार्यक्रम विद्यालयमा अतिरिक्त क्रियाकलापको रुपमा सञ्चालन गर्न,

(घ) गाउँपालिकाको क्षेत्रभित्र वातावरण संरक्षण सम्बन्धी कार्य गर्ने वा गराउने,

(ङ) तोकिए बमोजिमको अन्य काम गर्न।

## परिच्छेद-११

## कसूर तथा सजाय

४९. कसूरः देहायको कुनै कार्य कसैले गरे गराएमा यस ऐन बमोजिम कसूर कायम हुनेछ :-

(क) दफा २१ को (४) वमोजिमको सूचनाको प्रतिकूल गरेमा,

(ख) दफा २६ बिपरित विना स्वीकृति गरेमा,

(ग) दफा २७ विपरित निषेधित कार्य गरेमा,

(घ) यस ऐन तथा ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि र मापदण्डको उल्लंघन गरेमा।

५०. सजायः दफा ४९ बमोजिमको कसूर गर्ने गराउनेलाई दश हजार सम्म जरिबाना गरी गाउँपालिकाले सजाय गर्न सक्नेछ।

५१. उजुरीः यस परिच्छेद बमोजिमको कसूर कसैले गरे गराएको छ भन्ने जानकारी कुनै व्यक्तिले आफै उपस्थित भएर वा अन्य कुनै पनि सञ्चारको माध्यमद्धारा कार्यपालिकामा उजुरी गर्न सक्नेछ।

५२. सजाय गर्ने अधिकारीः (१) दफा ५१ बमोजिम उजुरी सुनी दफा ५० बमोजिम सजाय गर्ने अधिकार गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

(२) उपदफा (२) बमोजिमको जरिबानामा चित्त नबुझ्ने व्यक्तिले गाउँपालिकाको न्यायिक समितिमा पुनरावेदन दिन सक्नेछ।

५३. प्रचलित कानून बमोजिम कारवाही गर्न बाधा नपुग्नेः दफा ४९ बमोजिमको कसूर संघीय कानून बमोजिम कसूर कायम भई कारवाही हुने रहेछ भने प्रमुख प्रशासकिय अधिकृतले कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउने कुरालाई दफा ५० मा लेखिएको कुराले बाधा पुगेको मानिने छैन।

## परिच्छेद-१२

## विविध

५४. कृषि कर्जा र बीमा सुविधाः (१) आदिवासी जनजाति, विपन्न, महिला, दलित तथा संकटासन्न लक्षित वर्गलाई सहज कर्जा प्रवाहको लागि गाउँपालिकाले बैङ्क तथा वित्तीय संस्थासँग तोकिए बमोजिम सम्झौता गरी सहुलियत दरमा कृषि कर्जाको सुविधा उपलब्ध गराउने आवश्यक व्यवस्था गर्नेछ।

(२) जलवायुजन्य विपद्बाट आदिवासी जनजाति, विपन्न, महिला, दलित तथा संकटासन्न समुदायलाई हुने क्षति तथा हानि नोक्सानी कम गर्न गाउँपालिकाले तोकिए बमोजिम बीमाको व्यवस्था गर्नेछ।

(३) आदिवासी जनजाति, विपन्न, महिला, दलित तथा संकटासन्न समुदायको स्वास्थ्य बिमामा पहूँचमा वृद्धि गर्ने गरी गाउँपालिकाले आवश्यक कार्यक्रम सञ्चालन गर्नेछ।

५५. पुरस्कारः जलवायु प्रतिकूल प्रभावको न्यूनीकरण गर्न तथा जलवायु परिवर्तन अनुकूलनले कुनै प्रविधि तथा व्यवहारको नवीन सिर्जना वा विकास गरेमा वा त्यस्ता विकसित प्रविधिलाई गाउँपालिकामा प्रयोगमा ल्याई जलवायु परिवर्तन उत्थानशिल समाजको विकासमा योगदान पुर्याउने व्यक्ति वा संस्थालाई गाउँपालिकाले व्यक्ति वा संस्थालाई तोकिए बमोजिमको रकम सहित सम्मानपत्र प्रदान गर्न सक्नेछ।

५६. विद्यालय पाठ्यक्रममा समावेश गर्नेः गाउँपालिकाले जलवायु परिवर्तनबाट हुने प्रतिकूल प्रभावको न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी विषयलाई विद्यालयस्तरको पाठ्यक्रममा समावेश गरी लागू गर्नेछ।

५७. राहत दिने : (१) जलवायु परिवर्तनको प्रतिकूल प्रभावको कारण जनधनको क्षति भएमा त्यस्तो क्षति वापत तोकिए बमोजिम गाउँपालिकाले राहत दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको राहत कार्यविधि तथा मापदण्डमा तोके बमोजिम हुनेछ।

५८. क्षतिपूर्तिः (१) जलवायू परिवर्तनको कारण विपद् गई घरबास उठेमा वा जग्गा बाझो हुन गएमा वा खाद्य उत्पादनमा सारभूत रुपमा न्यून हुन गएमा सोको मूल्याङ्कन गरी तोकिए बमोजिम गाउँकार्यपालिकाले क्षतिपूर्ति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति कार्यविधि तथा मापदण्डमा तोके बमोजिम हुनेछ।

५९. <u>अनुगमन तथा निरीक्षण</u>: (१) प्रचलित संघीय कानून वा प्रदेश कानून बमोजिम वातावरण संरक्षण र सम्वर्द्धन गर्ने काम स्थानीय तहको कानून बमोजिम हुने भनी उल्लेख भएको विषयमा त्यस्ता विषयको अनुगमन निरीक्षण गर्ने अधिकार गाउँ कार्यापालिकाको जलवायु तथा वातावरण हेर्ने शाखा वा कार्यकारिणी समितिलाई हुनेछ।

(२) यस ऐन तथा ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिम कुनै कार्य भए नभएको सम्बन्धमा गाउँकार्यपालिका वा वातावरण हेर्ने विभाग, शाखा वा कार्यकारिणी समितिले अनुगमन तथा निरीक्षण गर्न सक्नेछन्।

(३) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा अनुगमन तथा निरीक्षण गर्ने पदाधिकारीले कुनै कामको सुधार गर्ने सम्बन्धमा दिएको निर्देशनको सम्बन्धित व्यक्ति वा संस्थाले पालना गर्नु पर्नेछ।

६०. <u>उपसमिति वा कार्यदल गठन गर्न सक्ने</u>: (१) कार्यकारिणी समितिले आफ्नो कार्य सुचारू रुपमा सम्पादन गर्नको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको कार्यक्षेत्रगत शर्त तथा कार्यविधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाका बखत कार्यकारिणी समितिले निर्धारण गरे बमोजिम हुनेछ।

६१. <u>वार्षिक प्रतिवेदन पेश गर्ने</u>: (१) कार्यकारिणी समितिले तोकिए बमोजिमको विवरण खुलाई प्रत्येक वर्ष यस ऐन बमोजिमको आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन सभा समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त समिति तथा कार्यकारिणी समितिबाट एक आर्थिक वर्षमा भएका प्रमुख कार्य, समिति तथा कार्यकारिणी समितिको वार्षिक नीति, योजना र कार्यक्रमको कार्यान्वयनको स्थिति र त्यसको उपलब्धि तथा लागत, अनुगमन तथा निरीक्षण सम्बन्धी कार्य, जलवायु परिवर्तन सम्बन्धी गाउँ कार्यपालिकाले गरेका क्रियाकलाप र समिति तथा कार्यकारिणी समितिबाट भएको र यस ऐन बमोजिम सम्पादन भएका कार्यको वार्षिक खर्चको विवरण समेत उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जलवायु अनुकूलन सम्बन्धी भए गरेका कार्यको वार्षिक प्रगति विवरण गाउँपालिकाले प्रदेशको जलवायु विषय हेर्ने मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

(४) गाउँपालिका भित्र रहेका जलवायु परिवर्तनको क्षेत्रमा कार्यरत संघ संस्थाले गरेको कार्यको वार्षिक विवरण तयार गरी त्यस्ता संघ संस्थाले त्यस्तो वार्षिक विवरण प्रतिवेदन कार्यकारिणी समितिलाई उपलब्ध गराउनु पर्नेछ।

६२. <u>अधिकार प्रत्यायोजन</u>: (१) समितिले आफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष र उपाध्यक्ष र समितिको कुनै सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कार्यकारिणी समितिले आफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, कार्यकारिणी समितिको कुनै सदस्य वा वडाअध्यक्षको संयोजकत्वमा रहने वडास्तरीय जलवायु व्यवस्थापन समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

६३. <u>नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने अधिकार</u>: (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले नियम, कार्यविधि वा निर्देशिका बनाउँदा देहाय बमोजिमको विवरण सूची बनाई लागू गर्न सक्नेछः-

(क) गाउँपालिका भित्र बसोबास गर्ने सम्पूर्ण जात र जातिहरुको सूची,

(ख) गाउँपालिका भित्रको सबै प्राणी, जन्तुजनाबर, बोट विरुवाहरुको सूची,

(ग) गाउँपालिका भित्रको खोलानाला, ताल, पोखरी, झरना, वन जंगल, सिमसार लगायतका सूची,

(घ) गाउँपालिका भित्रका धार्मिक एवं पर्यटकीय क्षेत्रको सूची।

**प्रमाणीकरण मितिः २०८०/०४/०१**

**आज्ञाले,**

**विनोद रोका**

**प्रमुख प्रशासकिय अधिकृत**